Regd. No.: 1116-074/065/066

सुपर मादी हाइड्रोपावर लि.
SUPER MADI HYDRDPOWER LTD.

ललितपुर-१०, कुपण्डोल, नेपाल, फोन नं.: ०१-४५२७०९०, ४५२३९७१
Email : supermadihydro@gmail.com, website: www.supermadihydro.com.np

सोह्रौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना

प्रथम पटक प्रकाशित मिति: २०८२/०८/०७

श्री आदरणीय शेयरधनी महानुभावहरु,

यस सुपरमादी हाईड्रोपावर लिमिटेडको मिति २०८२ साल मंसिर ४ गते अपरान्ह ४:०० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न कम्पनीको सोह्रौं वार्षिक साधारण सभा देहायको मिति, समय तथा स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

सभा हुने मिति, समय र स्थान :

मिति: २०८२ साल पौष ०४ गते (तदनुसार सन् २०२५ डिसेम्बर १९) शुक्रवार
समय: बिहान ११:०० बजे
स्थान: होटल इम्पेरीयल, बत्तिसपुतली, काठमाण्डौ

छलफलका बिषयहरु:

क. सामान्य प्रस्तावहरु

१. कम्पनीको सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
२. आ.व.२०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ साल असाढ मसान्तसम्मको वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायत सोसंग सम्बन्धित अनुसुचीहरु उपर छलफल गरि पारित गर्ने सम्बन्धमा।
३. आ.व. २०८२/०८३ को लागी लेखापरीक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
४. प्रस्तावित बोनस शेयरको कर प्रयोजनको लागी कम्पनीको हाल चुक्ता पूँजी रु.२,२०,५०,००,०००।- को ०.२६३२% को दरले हुने रु.५८,०२,६३२।- बराबर रकम नगद लाभांश वितरण गर्न स्विकृत गर्ने सम्बन्धमा।

ख. विशेष प्रस्तावहरु

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको चुक्ता पूँजी रु.२,२०,५०,००,०००।- को ५% को दरले हुने (कर बाहेक) रु.११,०२,५०,०००।- (अक्षरेपी एघार करोड दुई लाख पचास हजार मात्र) बराबरको ११,०२,५०० (एघारं लाख दुई हजार पाँच सय) कित्ता बोनस शेयर वितरण गर्ने सम्बन्धमा।
२. कम्पनीले ताप्लेजुङ जिल्ला स्थित निर्माणाधीन अवस्थामा रहेको २८५ मेगावाट क्षमताको अपर तमोर जलविद्युत आयोजना निर्माणको लागी आवश्यक रकम संकलन प्रयोजनार्थ हकप्रद शेयर जारी गर्ने सम्बन्धमा।
(कम्पनीको हाल कायम चुक्ता पूँजी रु.२,२०,५०,००,०००।- को ५% को दरले हुने (कर बाहेक) रु.११,०२,५०,०००।- (अक्षरेपी एघार करोड दुई लाख पचास हजार मात्र) बराबरको ११,०२,५०० (एघार लाख दुई हजार पाँच सय) कित्ता बोनस शेयर वितरण गरे पश्चात कायम हुने जम्मा शेयर पूँजी रु २,३१,५२,५०,०००।–को प्रति शेयर अंकित मुल्य रु.१०० दरको २,३१,५२,५०० कित्ता शेयरको २:१ को अनुपातमा हुने १,१५,७६,२५० कित्ता हकप्रद शेयर निश्कासन गर्ने।)
३. पूँजि बृद्धि तथा कम्पनीको प्रबन्धपत्रको दफा ६(क) र (ख) संशोधन सम्बन्धी निम्न बमोजिमको विशेष प्रस्ताव सम्बन्धमा।
   (क) दफा ६(क): कम्पनीको अधिकृत पूँजी रु.३,४७,२८,७५,०००।- (अक्षरेपी तिन अर्ब सतचालिस करोड अठ्ठाईस लाख पचहतर हजार मात्र) हुनेछ। सो पूँजीलाई प्रति शेयर रु.१००।-का दरले ३,४७,२८,७५० (तिन करोड सतचालिस लाख अठ्ठाईस हजार सात सय पचास) थान साधारण शेयरमा विभाजन गरिएको छ।
   (ख) दफा ६(ख): कम्पनीको जारी पूँजी रु.३,४७,२८,७५,०००।- (अक्षरेपी तिन अर्ब सतचालिस करोड अठ्ठाईस लाख पचहतर हजार मात्र) हुनेछ। सो पूँजीलाई प्रति शेयर रु.१००।-का दरले ३,४७,२८,७५० (तिन करोड सतचालिस लाख अठ्ठाईस हजार सात सय पचास) थान साधारण शेयरमा विभाजन गरिएको छ।
४. उपरोक्त बमोजिम पारित सामान्य तथा विशेष प्रस्ताव तथा हकप्रद शेयर स्वीकृतिको लागि नियमनकारी निकायमा पेश हुँदा नियमनकारी निकायबाट कुनै पनि विषयमा संशोधन वा परिवर्तन गर्न कुनै निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्ने तथा अन्य कार्यहरु समेत गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

ग. विविध।

साधारण सभा सम्बन्धी थप सामान्य जानकारी

१) सोह्रौं बार्षिक साधारणसभा तथा बोनस शेयर वितरण प्रयोजनका लागी मिति २०८२/०८/१७ गते देखि मिति २०८२/०९/०४ गते सम्म कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिनेछ। नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८२/०८/१६ गते सम्म कारोबार भई शेयर खरिद गरि आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन तथा बोनस शेयरको लागि योग्य हुनेछन्।
२) सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजीरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। हाजीरी पुस्तिका बिहान १०:०० बजेदेखि खुल्ला रहनेछ। शेयर धनीको उपस्थितिबाट प्रचलित ऐनको ब्यवस्था बमोजिम सभाका लागि आवश्यक गणपुरक संख्या पुरा भए पश्चात सभाको कार्यवाही अगाढी बढाइनेछ।
३) आफ्नो राय, सुझाव वा मन्तव्य राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको फोन नं. ०१-४५२७०९० र ०१-४५२३९७१ मा वा कम्पनीको आधिकारिक ईमेल: supermadihydro@gmail.com मा सम्पर्क गरी नाम टिपाउनु हुन अनुरोध गर्दछौं। सभामा आफ्नो लिखित राय, सुझाव राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले उक्त राय सुझाव कम्पनीको इमेल ठेगानामा पठाउन सक्नु हुनेछ।
४) सभामा आफु उपस्थित नभई प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको रजिष्टर्ड कार्यालयमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ। सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधि भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु पर्नेछ तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफैं उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधिपत्र स्वतः बदर हुनेछ।
५) संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको ब्यक्तिले, संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको ब्यक्ति अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक ब्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ।
६) एक भन्दा बढी ब्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता गरेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको ब्यक्तिले सभामा भाग लिन सकिनेछ। कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ।
७) कुनै शेयरधनी महानुभावले छलफलका विषयहरु मध्ये विविध शीर्षक अर्न्तगत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा सात (७) दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनु पर्नेछ। तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा पारितको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत रहनेछ।
८) वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनी कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिन्छ। थप जानकारीको लागि कम्पनीको वेवसाइट www.supermadihydro.com.np मार्फत प्राप्त गर्न सक्नु हुनेछ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव